# दुबइ प्रवेशसम्बन्धी जारी सूचना !

नेपालमा कोभिड-१९ को दोस्रो लहर बढेसँगै नेपालबाट युएइ प्रवेश गर्न लगाइएको अस्थायी प्रतिबन्धका कारण समयमै युएइ आउन नसक्नुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुको लागि दुबइ प्रवेश गर्नको लागि जारी निम्नानुसारको गर्नुहुन अनुरोध गरिन्छ -

१. दुबइको आवासीय भिसा हुनेहरुले General Directorate of Residency and Foreigners Affairs- Dubai (GDRFA-D) को वेभसाइट https://amer.gdrfad.gov.ae/visa-enquiry मा गई आफ्नो भिसाको अवस्था हेर्नुपर्नेछ । दुबइ प्रवेशको लागि भिसा अवधि कायमै रहेकाहरुले सो निकायबाट आवश्यक सहमति (GDRFA Approval) लिनुपर्नेछ ।

२. १८० दिनभन्दा युएईबाहिर रहेका र/वा दुबइको आवासीय भिसा अवधि सकिसकेका नेपालीहरुले GDRFA को उल्लिखित वेभसाईटमा तोकिएका कागजातहरु अपलोड गरी युएइ प्रवेशको सहमतिको लागि अनुरोध गर्नुपर्नेछ । सो सहमति प्राप्त भएको खण्डमा मात्रै दुवइ प्रवेश गर्न सकिनेछ ।

३. दुबइको आवासीय भिसा भएका नेपालीहरुले कोभिड-१९ को खोप लगाएको प्रमाणपत्र पेश नगरेपनि दुबइ प्रवेश गर्न सक्नुहुनेछ । तर खोप प्रमाणपत्र नचाहिने भएपनि ४८ घण्टाभित्रको PCR Negative Report र चार घण्टाभित्रको Rapid PCR test भने चाहिनेछ । तर खोप प्रमाणपत्रविना दुबइबाहेक युएइका अन्य इमिरेट्सहरुमा प्रवेश गर्न पाइने छैन ।

**नेपाल वायुसेवा निगम**
**कान्तिपथ, काठमाडौं ।**